अल्लाहले (सिराति-मुस्तकीम) सिधा मार्गको उदाहरण दिनुभएको छ

नौवास बिन सम्आन अन्सारी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "अल्लाहले (सिराति-मुस्तकीम) सिधा मार्गको उदाहरण दिनुभएको छ, त्यस मार्गको दुवै छेउमा पर्खालहरू छन्, जसमा खुल्ला ढोकाहरू छन्, र ती ढोकाहरूमा पर्दाहरू झुन्डिएका छन्। मार्गको प्रवेशद्वारमा एक आह्वानकर्ता छ, जसले बोलाउँदै भन्छ: 'हे मानिसहरू, सबै जना सिधा मार्गमा प्रवेश गर, र यताउता नजानु ।' अनि अर्को आह्वानकर्ता मार्गको माथिबाट बोलाउँछ, यदि कसैले ती ढोकामध्ये कुनै एक खोल्न चाहन्छ भने, उसले भन्छ: धिक्कार होस् तिमीलाई, यसलाई नखोल, यदि तिमीले खोल्यौ भने तिमी त्यसमा प्रवेश गर्नेछौ।' यो सिधा मार्ग इस्लाम हो, ती पर्खालहरू अल्लाहको (कानुनको) सीमाहरू हुन्, ती खुल्ला ढोकाहरू अल्लाहले निषेध गरेको कुरा हुन्, र
मार्गको छेउमा बोलाउने आह्वानकर्ता अल्लाहको पुस्तक (कुर्आन) हो, र मार्गमाथिबाट बोलाउने आह्वानकर्ता प्रत्येक मुस्लिमको हृदयमा रहेको अल्लाहले तोक्नु भएको
उपदेशक हो।"
[सही] [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ : अल्लाहले इस्लामको उदाहरण सीधा मार्गले दिनुभएको छ, जसमा कुनै टेढोपन छैन । यस मार्गको दुबै छेउमा दुईवटा पर्खालहरू छन्, जसले यसलाई दुबैतिरबाट घेरेको छ । ती दुई पर्खालहरू अल्लाहका (कानुनको) सिमा हुन्, यी दुबै पर्खालहरूको बीचमा खुल्ला ढोकाहरू छन्, जुन अल्लाहले गर्नु भएका निषेधित चीजहरूको उदाहरण हुन्, ती ढोकाहरूमा पर्दाहरू झुण्डिएका छन्, जसले गर्दा मार्गमा हिंड्ने व्यक्तिलाई भित्र के छ भनेर देखिदैन। बाटोको सुरुवातमा एक आह्वानकर्ता छ, जसले मानिसहरूलाई मार्गनिर्देशन गर्छ र भन्छ: सीधा बाटोमा हिड्नुहोस् र यता-उता नहेर्नुहोस् । यो आह्वानकर्ता अल्लाहको पुस्तक (कुर्आन) हो । अर्को आह्वानकर्ता मार्गको माथिबाट बोलाउँछ; जब मार्गमा हिँड्नेले ती ढोकाहरूको पर्दा अलिकति मात्र खोल्न चाहन्छ, तब उसले कडा चेतावनी दिन्छ: 'तिमीलाई हानी हुनेछ, यसलाई नखोल! यदि तिमीले यसलाई खोल्यौ भने तिमी भित्र प्रवेश गर्नेछौ र आफूलाई रोक्न असमर्थ हुनेछौ।' यो आह्वानकर्ता प्रत्येक मुस्लिमको हृदयमा रहेको अल्लाहले तोक्नु भएको उपदेशक हो।"

http://www.sunnah.global/hadeeth/ne/show/65049